मटिहानी नगरपालिकाको
टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०८२
नगर कार्यपालिकाबाट स्वीकृत मिति २०८२/०२/२८

मटिहानी नगरपालिका, महोत्तरी
मधेश प्रदेश, नेपाल

मटिहानी नगरपालिका टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि,२०८२

प्रस्तावना:

स्थानीय विकास प्रक्रियामा टोल तथा बस्ती स्तरबाट नै नागरिक सहभागीता सुनिश्चित गर्दै समाजको आर्थिक, सामाजिक, सांस्कृतिक लगायत विकासका सबै पक्षमा दिगोपना र अपनत्व सृजना गर्न मटिहानी नगरपालिका क्षेत्र भित्र बसोबास गर्ने नागरिकहरुको सहभागितामा वडा कार्यालयको स्थानीय जनता सितको सम्बन्ध, सम्पर्क, समन्वय र सहकार्यका साथ विकास निर्माण र सामुदायिक परिचालनमा सहयोगीको रुपमा काम गर्ने गरी टोल विकास संस्थाको गठन र परिचालनका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (गाउं तथा नगरपालिकाको अधिकार) को कार्यान्वयनमा टेवा पुरयाउन, दफा १२ (वडा समितिको काम, कर्तव्य, र अधिकार) को २ (क) वडा भित्रका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन लाई कार्यान्वयन गर्नका लागि यस नगरपालिकाको कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

परिच्छेद -१
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यो कार्य विधिको नाम टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०८२ रहेको छ ।

(२) यो कार्यविधि मटिहानी नगर कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. परिभाषा :

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

क) "कार्यालय" भन्नाले मटिहानी नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

ख) "टोल विकास संस्था" भन्नाले टोल बस्तीको समग्र विकासको लागि निश्चित भौगोलिक क्षेत्रका अधिकांश घर धुरीका प्रतिनिधिहरुको उपस्थितिमा विकास निर्माण, सेवा प्रवाह र सामाजिक परिचालनको क्षेत्रमा काम गर्ने उद्देश्यले गठन भई मटिहानी नगरपालिकाको वडा कार्यालयमा सूचीकृत भएको सामुदायिक संस्थालाई सम्झनु पर्छ ।

ग)"पदाधिकारी" भन्नाले संस्थाको कार्य समितिको अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्यहरु समेतहरुलाई सम्झनु पर्छ ।

घ)"बैठक" भन्नाले टोल विकास संस्थाको संयुक्त वा छुटा छुट्टै बैठक सम्झनु पर्छ ।

ङ)"वडा" भन्नाले मटिहानी नगरपालिकाको सम्पुर्ण वडालाई सम्झनु पर्छ ।

च)"विधान" भन्नाले टोल विकास संस्थाको विधानलाई सम्झनु पर्छ ।

छ)"समिति" भन्नाले टोल विकास संस्थाको कार्य समिति सम्झनु पर्छ ।

ज)"साधारण सभा" भन्नाले टोल विकास संस्थाको साधारण सदस्यहरुको भेलालाई सम्झनु पर्छ ।

झ)"संस्था" भन्नाले टोल विकास संस्थालाई सम्झनु पर्छ ।

परिच्छेद - २
संस्थाको गठन तथा सूचिकृत सम्बन्धी व्यवस्था

३.संस्थाको गठन :

(१) मटिहानी नगरपालिकाका क्षेत्रमा भौगोलिक तथा सामाजिक सामिप्यताको आधारमा टोल तथा बस्तीका वासिन्दाहरुको आम भेलाबाट टोल तथा बस्ती भित्रका सबै घरधुरीहरु (यदि उक्त टोल वा बस्तीमा गरीब, वञ्चित, मुसहर, माझी, दलित, जनजाती, अल्पसंख्यक, सीमान्तकृत तथा पछाडि पारिएका साथै अन्य जाती वर्गको बसोबास रहेको अवस्थामा उनीहरुको घरधुरी अनिवार्य समावेश हुने गरी) टोल विकास संस्थाको गठन गरिने छ ।

२) दफा ३ को उपदफा (१) बमोजिम गठन हुने समितिको टोल स्तरीय कार्यसमितिमा सहभागीहरु मध्येबाट सर्व सहमतीमा देहाय बमोजिमका पदाधिकारी तथा सदस्यहरु रहने छन्:

(क) अध्यक्ष	एक जना
(ख) उपाध्यक्ष	एक जना
(ग) कोषाध्यक्ष	एक जना
(घ) सचिव	एक जना
(ङ) सदस्यहरु	(तीन देखि सात जना सम्म)

३) दफा ३ को उपदफा (२) बमोजिम संस्था गठन गर्दा टोल तथा बस्ती भित्रका एक घरधुरी बाट एकजना भन्दा बढी नपर्ने गरी भौगोलिक सन्तुलन, सामाजिक समावेशीकरण तथा अल्पसंख्यक, सीमान्तकृत, महिला तथा पछाडि पारिएका वर्गको आधारमा सभा वा वडा कार्यालयले तोकेको चार किल्ला भित्रका नागरिकहरुको आमभेलाबाट सर्वसम्मत रुपमा संस्थाको कार्य समिति गठन हुनेछ । तर, यस दफा बमोजिम आम भेलामा सर्वसम्मत हुन नसकेमा उपस्थित सदस्यहरुको बहुमतबाट कार्य समिति गठन हुन बाधा पर्ने छैन ।

(४) कार्य समितिको कार्यविधि गठन भएको मितिले दुई वर्षको हुनेछ ।

(५) दफा ३ को उपदफा (४) बमोजिम कार्य समितिको कार्यकाल समाप्त भएपछि साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट कार्य समितिको पुनर्गठन हुनेछ ।

(६) पुरानो कार्य समितिले नव गठित कार्य समितिलाई संस्थाको सम्पुर्ण जायजेथा (आर्थिक, जिन्सी, नगद आदी) आम भेलामा हस्तान्तरण गर्नुपर्नेछ ।

(७) अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिवको पदमा लगातार दुई कार्यकाल भन्दा बढी सोही पदमा काम गर्न सक्ने छैन ।

(८) कार्य समितिमा अध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्ये कुनै पदमा अनिवार्य रुपमा महिला, अल्पसंख्यक, सीमान्कृत वा निर्धन हुनुपर्नेछ ।

(९) संस्था गठन गर्दा सकेसम्म टोलका सम्पुर्ण घरधुरीलाई एक घर एक सदस्यको रुपमा समेट्नु पर्नेछ ।

(१०) उपदफा ८ बमोजिम सबै घरधुरी समावेश हुन सम्भव नभएमा कम्तीमा ८० प्रतिशत घरधुरी सहभागी गराई टोल विकास संस्था गठन गर्नुपर्नेछ ।

(११) यस कार्यविधि बमोजिम गठन गरिने संस्थाको कार्य समितिमा कम्तीमा ५० प्रतिशत महिला सदस्य हुनु पर्नेछ ।

(१२) संस्थाको कार्य क्षेत्र साधारण सभाले तोकेको चारकिल्ला भित्र हुनेछ । साधारण सभाले टोल तथा बस्ती भित्रका कुनै धरधुरी संस्थामा समावेश गरेको नपाइएमा वा कनै घरधुरी वा बस्ती उक्त संस्थामा समावेश गर्नु पर्ने भन्ने लागेमा वडा कार्यालयले त्यसरी छुटेको घरधुरी वा बस्ती सम्बन्धित संस्थामा समावेश गर्न लगाउनेछ ।

(१३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वडा कार्यालयले तोकेको भौगोलिक क्षेत्र भित्र रहेका बढीमा १०० घरधुरी समेट्ने गरी टोल विकास संस्था गठन गर्न सकिनेछ । एउटा घरधुरी एक भन्दा बढी टोल विकास संस्थाको सदस्य बन्न पाउने छैन ।

४.कार्य समितिका पदाधिकारीको पद रिक्त सम्बन्धी व्यवस्था :

(१) परिच्छेद २ को दफा ३ बमोजिम गठन भएकाले कार्य समितिका पदाधिकारीहरुको पद देहाय बमोजिमको अवस्थामा रिक्त हुनेछ ।

(क) अध्यक्षले उपाध्यक्ष मार्फत कार्य समितिको बैठकमा र उपाध्यक्ष सहित अन्य सदस्यले अध्यक्षलाई राजीनामा दिएमा ।

(ख) भ्रष्टाचार वा अन्य कुनै फौजदारी अभियोगमा कसुरदार ठहरिएमा ।

(ग) मृत्यु भएमा ।

(२) दफा ४ को उपदफा (१) बमोजिम अध्यक्षको पद रिक्त भएमा कार्य समितिको बाँकी अवधिको लागि उपाध्यक्षले अध्यक्ष भई कामकाज गर्नेछ । अन्य पदाधिकारीहरुको हकमा कार्य समितिले बाँकी अवधिको लागि समितिका सदस्यहरु मध्येबाट कुनै सदस्यलाई त्यस्तो रिक्त पदमा कामकाज गर्न लगाउन सक्नेछ ।

CamScanner

५.संस्था सूचीकृत : संस्थाको सूचीकृत देहाय बमोजिम हुनेछ :-

(क) संस्थाको आमभेलाले निर्णय गरी अनुसुची १ बमोजिमको ढाचामा सोही निवेदनमा उल्लेखित कागजातहरु समावेश गरी संस्था सूचीकरणका लागि वडा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(ख) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि वडा कार्यालयले संस्थाको चार किल्ला भित्रका सबै घरधुरी समावेश गरे नगरेको समेत हेरी ढाँचामा संस्था सूचिकृत गरेको प्रमाण पत्र उपलब्ध गराउनु पर्नेछ ।

(ग) दफा (क) अनुसार प्राप्त निवेदन बमोजिम सूचीकृतको लागि प्राप्त भएको टोल विकास संस्थामा समावेश हुनुपर्ने घरधुरी वा बस्ती छुटेको पाइएमा त्यसरी छुटेको घरधुरी वा बस्ती समेत समावेश गरी सूचीकरणको लागि पुनः पेश गर्न निर्देशन दिन सक्नेछ ।

(घ) वडा कार्यालयले यस दफा बमोजिम संस्था सूचीकृत गरेको विवरण मासिक रुपमा मटिहानी नगर कार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ ।

परिच्छेद -३
संस्थाको काम, कर्तव्य र अधिकारहरु

६.टोल विकास संस्थाका कार्यहरु :

(१) टोल विकास संस्थाका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

(क) समुदायमा शान्ति, सुरक्षा र अमन चयन कायम गर्न सहयोग गर्ने ।

(ख) सामुदायिक सद्भाव, सहिष्णुता र भाइचाराको विकास गर्ने ।

(ग) टोलमा संचालन हुने विकास निर्माणका योजनाहरुको तर्जुमा, कार्यान्वयन र सुपरिवेक्षण तथा अनुगमनमा सहयोग गर्ने ।

(घ) टोलमा हुने परम्परागत जात्रा, मेला, पर्व तथा समारोहको व्यवस्थापनमा सहयोग गर्ने ।

(ङ) टोलमा हरेको सार्वजनिक तथा ऐलानी जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारहरुको संरक्षण गर्न तथा अतिक्रमण हुन नदिन सहयोग गर्ने ।

(च) टोलमा विपद् व्यवस्थापन सम्वन्धी खोज, उद्धार, राहत वितरण, पुनर्निर्माण तथा पुनर्स्थापना कार्यमा सहयोग गर्ने ।

(छ) टोलको सरसफाई व्यवस्थापनको लागि सहयोग र समन्वय गर्ने/गराउने ।

(ज) छाडा पशु चौपाया व्यवस्थापनको लागि सहयोग गर्ने/गराउने ।

(झ) सडक वत्ती, सामुदायिक पार्क, सार्वजनिक शौचालय जस्ता सार्वजनिक सम्पत्तिको संचालन र व्यवस्थापनमा सहयोग पुर्याउने ।

(ञ) कानून बमोजिम तिर्नु पर्ने कर, दस्तुर, सेवा शुल्क बुझाउने कार्यमा सहजीकरण गर्ने ।

(ट) टोलमा बसोवास गर्ने गरिब, अशक्त, अपाङ्गता भएका व्यक्ति तथा बेरोजगार व्यक्तिहरुको तथ्याङ्क संकलन कार्यमा सहयोग गर्ने ।

(ठ) टोलमा रहेका शैक्षिक तथा स्वास्थ्य संस्थाको व्यवस्थापन र गुणस्तर सुधारको लागि सहयोग गर्ने ।

(ड) जन्म, विवाह, बसाई सराई, सम्वन्ध विच्छेद, मृत्यु, राष्ट्रिय परिचय-पत्र तथा मतदाता नामावली जस्ता व्यक्तिगत घटना दर्ताको लागि टोल बासीहरुलाई उत्साहित र सहजीकरण गर्ने साथै त्यस्मा आइपरेका समस्याहरुलाई तत्काल समाधानका लागि सहजीकरण गर्ने ।

(ढ) सामाजिक सुरक्षा भत्ता वितरण कार्यमा आवश्यक सहजीकरण गर्ने ।

(ण) विद्युत् चुहावट तथा चोरी नियन्त्रण कार्यमा सहयोग गर्ने ।

(त) टोलमा खाद्यान्न, माछामासु, तरकारी, फलफूल, पेय पदार्थ लगायतका दैनिक उपभोग्य सामग्रीको गुणस्तर र मूल्य सुचीको वारेमा जानकारी राखी बजार अनुगमन कार्यमा सहयोग गर्ने ।

(थ) उपभोक्ता हकहित संरक्षणको लागि पैरवी तथा जनचेतना अभिवृद्धि गर्ने ।

मटिहानी नगरपालिका कार्यपालिकाको कार्यालय धिरापुर, महोत्तरी, नेपाल

मंजु देवी साह
नगर उपप्रमुख

(द) टोलमा हरियाली क्षेत्र विस्तार गरि वातावरण संरक्षणको कार्यमा सहयोग गर्ने ।

(ध) स्थानीय आर्थिक विकासका सम्भावनाका बारेमा छलफल गरि स्थानीय तह, गैर सरकारी तथा निजी क्षेत्रसंग समन्वय, सहजीकरण र पैरवी गर्ने ।

(न) भवन निर्माण मापदण्ड तथा राष्ट्रिय भवन संहिता संगै सो सम्बन्धित स्थानीय नियम कानूनको पालनाको लागि टोल वासीहरुलाई प्रोत्साहित गर्ने ।

(प) विद्यालय भर्ना, खोप अभियान, साक्षरता अभियान, सरसफाई, राष्ट्रिय परिचयपत्र तथा मतदाता नामावली संकलन, तथा लैङ्गिक हिंसा उन्मुलन जस्ता राष्ट्रिय अभियानहरुमा सहयोग र समन्वयन गर्ने ।

(फ) टोलमा आर्थिक, सामाजिक, तथा लैङ्गिक विभेदको भावना हटाई सबै सदस्यहरुलाई निर्णय प्रक्रिया र श्रोत परिचालनमा समान अधिकार स्थापित गर्न सहजीकरण गर्ने ।

(ब) घरेलु हिंसा, यौनजन्य हिंसा, मानव तस्करी, बालश्रम तथा बाध्यात्मक श्रम, छाउपडी लगायतका अन्य कुनै सामाजिक अपराध तथा हानिकारक सामाजिक मूल्य र मान्यता जस्तै बाल विवाह, बहु विवाह, अनमेल विवाह, जाडरक्सी सेवन, होहल्ला, बोक्सी आरोप, फिजुल खर्च अन्त्य गर्न जनचेतना अभिवृद्धि गर्ने ।

(भ) टोलमा उद्यम विकाससंग सम्बन्धि कार्यक्रमहरु संचालन गर्न आवश्यक सहजीकरण गर्ने ।

(म) टोल विकासका लागि विभिन्न श्रोतबाट प्राप्त श्रोतको उच्चतम् सदुपयोग गर्ने ।

(य) टोलमा सरकारी निकाय तथा गैर सरकारी संस्था मार्फत संचालन हुने कार्यक्रमहरु कार्यान्वयन गर्न सहयोग गर्ने ।

(र) आफ्नो टोललाई वातावरणमैत्री, बालमैत्री, पोषणमैत्री तथा पूर्ण सरसफाईयूक्त बनाउन कार्यक्रमहरु संचालन गर्ने तथा वडा कार्यालय र नगरपालिकाका कार्यक्रम कार्यान्वयनमा सहयोग, समन्वय र सहजीकरण गर्ने ।

(ल) वडा कार्यालय, नगरपालिका तथा अन्य सरकारी निकाय र गैरसरकारी संघसंस्थासंग गरेको सम्झौता तथा समझदारी अनुसारका अन्य कार्यहरु गर्ने ।

(व) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्वका तर स्थानीय जीवनमा प्रत्यक्ष प्रभाव पार्ने विषयसंग सम्वन्धीत दिवस तथा समारोहहरु उक्त विषयमा स्थानीय जागरुकताका लागि मनाउन पहल तथा सहजिकरण गर्ने ।

परिच्छेद -४

संस्थाको कार्य समितिको बैठक र पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

७.संस्थाको कार्य समितिको बैठक :

(१) संस्थाको कार्य समितिको बैठकको संचालन देहाय बमोजिम हुनेछ ।

(क) कार्य समितिको बैठक महिनामा कम्तिमा एक पटक र आवश्यकता अनुसार बस्नेछ ।

(ख) समितिको बैठकमा वडा समिति तथा नगरपालिकाका जनप्रतिनिधहरु, विज्ञ तथा अन्य सरोकारवालाहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(ग) समितिको बैठक निर्णयको मस्यौदा सचिवले तयार गर्नेछ ।

(घ) संस्थाको बैठकको निर्णयहरुको बैठकमा उपस्थित पदाधिकारीहरुबाट हस्ताक्षर गरी प्रमाणित गराउनु पर्नेछ ।

(२) दफा ७ को उपदफा (१) बमोजिम बस्ने कार्यसमितिको बैठकको माइन्युट र संस्थाका प्रशासनिक तथा आर्थिक कारोवारसंग सम्वन्धीत कागजातहरु अध्यक्ष, सचिव र कोषाध्यक्षको जिम्मामा रहने छन् ।

(३) कार्य समितिको बैठक संस्थाको कार्यालयमा बस्नेछ । संस्थाको कार्यालय स्थापना भई नसकेको अवस्थामा कार्यसमितिका सबै सदस्यलाई पायक पर्ने गरी उपयुक्त स्थानमा बैठक बस्ने गरी अध्यक्षले तोक्न सक्नेछ ।

८.संस्थाका कार्य समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :-

संस्थाका कार्य समितिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) अध्यक्षको काम, कर्तव्य र अधिकार

(क) संस्थाको नियमित बैठक बोलाउने, बैठकका लागि मिति, समय र स्थान तोक्ने ।

(ख) बैठकको अध्यक्षता गरी बैठक संचालन गर्ने ।

मंजु देवी साह
नगर उपप्रमुख

(ग) बैठकमा अनुशासनको पालना गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने ।
(घ) छलफल हुदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।
(ङ) संस्थाका निर्णयहरु लागू गर्ने, गराउने ।
(च) संस्थाले प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रवन्ध मिलाउने ।
(छ) आवश्यकता अनुसार विशेष बैठक बोलाउने ।
(ज) कार्यविधि बमोजिम अन्य कार्यहरु गर्ने ।

(२) उपाध्यक्षको काम कर्तव्य र अधिकार :
(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने भनी तोकिएका कार्यहरु गर्ने ।
(ख) कार्य समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

(३) सचिवको काम कर्तव्य र अधिकार :
(क) अध्यक्षको आदेश अनुसार बैठक बोलाउने ।
(ख) छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी निर्णय प्रमाणित गराउने ।
(ग) संस्थाको क्रियाकलापको बारेमा सदस्यहरुलाई जानकारी गराउने ।
(घ) कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने ।

(४) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :
(क) संस्थाको आम्दानी र खर्चको हिसाव राख्ने तथा विवरण तयार गर्ने ।
(ख) बैंकमा खाता संचालन गर्दा संयुक्त रुपमा खाता संचालन गर्ने ।
(ग) संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।
(घ) कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने ।

(५) सदस्यहरुको काम, कर्तव्य र अधिकार :
(क) समितिको बैठकमा उपस्थित हुने र छलफलमा सक्रिय रुपमा सहभागी हुने ।
(ख) समितिको निर्णय कार्यान्वयनमा सहयोग गर्ने । समितिको निर्णय कार्यान्वयन भए नभएको हेरी आवश्यकता अनुसार समितिको बैठकमा छलफलमा ल्याउने ।
(ग) आवश्यकता अनुसार अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षको काममा सघाउने ।
(घ) कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने ।

परिच्छेद - ५
आर्थिक व्यवस्थापन

९. संस्थाको आम्दानी :
(१) संस्थाले देहाय बमोजिमका क्षेत्रबाट आम्दानी प्राप्त गर्न सक्नेछ :
(क) नगरपालिकाबाट प्राप्त हुने अनुदान रकम ।
(ख) सरकारी तथा गैरसरकारी निकायहरु, सामुदायिक संस्था, व्यक्तिहरुबाट प्राप्त हुने सहायता तथा अनुदानको रकम ।
(ग) टोल विकास संस्थाले आयमूलक कार्यहरु सचालन गरि प्राप्त हुने आम्दानी ।
(घ) नगरपालिका, अन्य सरकारी निकाय तथा गैरसरकारी संघ संस्थासंग विकास निर्माण वा कार्यक्रम संचालनको लागि सम्झौता बमोजिम प्राप्त रकम ।
(ङ) संस्थाका सदस्यहरुबाट प्राप्त शुल्क तथा सहयोग रकम ।
(च) अन्य स्रोतबाट प्राप्त गरेको रकम ।

(२) संस्थाको नाममा प्राप्त हुने सबै रकम संस्थाको नाममा रहेको बैंक खातामा जम्मा गर्नुपर्नेछ ।

१०.संस्थाको खर्च : संस्थाको खर्च देहाय बमोजिम हुनेछ ।

(क) कुनै निकायबाट सम्झौता बमोजिम प्राप्त हुने रकम सम्झौतामा उल्लेखित शर्त बमोजिम तोकिएको कार्यमा खर्च गर्नु पर्नेछ ।

(ख) संस्थाको नियमित संचालन तथा कार्यालय व्यवस्थापन सम्बन्धी खर्च कार्य समितिको निर्णय बमोजिम हुनेछ ।

११.संस्थाको लेखा, प्रतिवेदन तथा अन्य :

(१) संस्थाको खाता वडा कार्यालयको सिफारिसमा नगरपालिकाको कार्यालयले तोकेको बैंकमा संचालन हुनेछ ।

(२) दफा ११ को उपदफा (१) बमोजिमको बैंक खाता कम्तीमा एक जना महिला हुने गरि संस्थाका अध्यक्ष, उपाध्यक्ष र सचिव मध्ये कुनै दुई जना र कोषाध्यक्षको संयूक्त दस्तखतबाट संचालन हुनेछ ।

(३) कोषध्यक्षले संस्थाको सबै प्रकारको नगदी तथा जिन्सी आम्दानी, सम्पुर्ण विकास खर्च विवरण, संस्थाको संचालन र व्यवस्थापनमा भएको प्रशासनिक खर्चहरुको विवरण स्पष्ट रुपमा राख्नुपर्नेछ ।

(४)कोषाध्यक्षले आम्दानी खर्चको हिसाव किताव चौमासिक रुपमा कार्य समितिको वैठकमा पेश गर्नु पर्नेछ ।

(५) कार्यसमितिले प्रत्येक आर्थिक वर्षमा गरेको काम र आर्थिक कारोबारको यथार्थ विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र टोल भेलामा पेश गर्नु पर्नेछ ।

(६) संस्थाले आफ्नो वार्षिक कारोबारको प्रतिवेदन साधारणसभा, सम्बन्धित वडा कार्यालय र मटिहानी नगरपालिकामा पेश गर्नुपर्नेछ ।

(७) नगरपालिका तथा वडा कार्यालयले आवश्यकता अनुसार संस्थाको अनुमान गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

१२. जिन्सी तथा बस्तुगत सहयोग लिन सक्ने :

(१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विपद् प्रभावित व्यक्तिको उद्दार, राहत तथा पुनःस्थापना कार्यमा सहयोग गर्न कुनै सरकारी निकाय, गैर सरकारी संघ संस्था, निजी क्षेत्र तथा व्यक्ति विशेषबाट जिन्सी सामान तथा वस्तुगत सहयोग लिन सक्नेछ ।

(२) संस्थाले दफा १२ को उपदफा(१) बमोजिम प्राप्त सहयोग वडा समितिको समन्वयनमा त्यस्तो विपद्बाट प्रभावित व्यक्ति तथा परिवारलाई वितरण गर्न सक्नेछ ।

(३) संस्थाले यस दफा बमोजिम प्राप्त सहयोगको विवरण वार्षिक प्रतिवेदनमा समेत समावेश गर्नु पर्नेछ ।

परिच्छेद -६
विविध

१३. समन्वय समिति :

(१) संस्थाको कामको अनुगमन तथा समीक्षा गरी पृष्ठपोषण प्रदान गर्न हरेक वडामा देहाय बमोजिमको समन्वय समिति रहनेछ :-

(क) वडाध्यक्ष	-संयोजक
(ख) वडा समितिका सदस्यहरु	-सदस्य
(ग) टोल विकास संस्थाका अध्यक्षहरु मध्येवाट संयोजकले तोकेका ३ जना	-सदस्य
(घ) वडा सचिव	-सदस्य सचिव

(२) दफा ३ को उपदफा(४) बमोजिम सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ । उक्त पदावधि समाप्त भएपछि संयोजकले कार्यकाल नदोहोरिने गरी वडा भित्रका अन्य संस्थाका अध्यक्षहरु मध्येबाट तीन जना मनोनयन गर्नु पर्नेछ ।

(३) दफा ३ को उपदफा (१) बमोजिमको समितिको वैठक कम्तीमा चौमासिक रुपमा बस्नेछ ।

(४) दफा ३ को उपदफा (१) बमोजिमको समितिले वडा भित्रका सबै संस्थाको काम कारवाहीलाई प्रभावकारी बनाउन कार्य समितिलाई आवश्यक निर्देशन दिन सक्ने छ ।

मटिहानी नगरपालिकाको कार्यालय, नगर कार्यपालिकाको कार्यालय, धिरापुर, महोत्तरी, मधेश प्रदेश, नेपाल

मंजु देवी साह
नगर उपप्रमुख

(५) दफा ३ को उपदफा(१) बमोजिमको समितिले संस्थाको कोष कारवाही सम्वन्धमा वार्षिक प्रतिवेदन कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

१४. बाधा अडकाउ फुकाउन सक्ने :

यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आएमा नगर कार्यपालिकाले त्यस्तो बाधा अडकन फुकाउन सक्नेछ ।

१५. कार्य समिति भङ्ग गर्न सक्ने :

सार्वजनिक सम्पत्तीको हिनामिना गर्ने, प्रचलित कानून विपरित कार्य गर्ने तथा भ्रष्टाचार वा आर्थिक हिनामिना गरेको पाइएमा त्यस्तो कार्य समितिलाई सम्वन्धीत वडा समितिको सिफारिसमा नगर कार्यपालिकाले भङ्ग गर्न सक्नेछ । यसरी कार्यसमिति भङ्ग भएको अवस्थामा एक महिना भित्र यसै कार्यविधि वमोजिम नयाँ कार्य समिति गठन गर्नु पर्नेछ ।

१६. कार्यविधि संशोधन तथा खारेज गर्न सक्ने :

(१) नगर कार्यपालिकाले आवश्यकता अनुसार यो कार्यविधि संशोधन तथा खारेज गर्न सक्नेछ ।

(२) दफा १६ को उपदफा (१) वमोजिम यो कार्यविधि खारेज भएको अवस्थामा यस कार्यविधि वमोजिम स्थापना तथा संचालन भएका संस्थाहरुको सम्पत्ति तथा दायित्व नगरपालिकाको नाममा हुनेछ ।

मञ्जु

मंजु देवी साह
नगर उपप्रमुख

मटिहानी नगरपालिका नगर कार्यपालिकाको कार्यालय धिरापुर, महोत्तरी मधेश प्रदेश, नेपाल

मंजु

मंजु देवी साह
नगर उपप्रमुख

अनुसूची -१

टोल विकास संस्थालाई नगरपालिकामा सूचीकृत गर्ने निवेदनको नमुना

मिति:.....

श्री सचिवज्यू
वडा समितिको कार्यालय
वडा नं.....
मटिहानी नगरपालिका ।

विषय : टोल विकास संस्था सूचीकृत गर्ने सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा यस नगरपालिका को वडा नं..... स्थित ..... टोलमा गठन

गरिएको..... टोल विकास संस्थालाई.....सूचीकृत

गरिदिनहुन निम्नानुसारका विवरण सहित अनुरोध गर्दछु । यस ..... टोल विकास संस्थाको क्षेत्र

निम्न उल्लेखित चार किल्लाभित्र सीमित रहनेछ ।

संलग्न :
टोल भेलाको उपस्थिति र निर्णय
कार्य समितिका सदस्यहरुको नाम थर ।

पूर्व सिमाना :.....

पश्चिम सिमाना :.....

उत्तर सिमाना : .....

दक्षिण सिमाना :.....

हालका जम्मा घरधुरी :

निवेदक

समितिको तर्फबाट
अध्यक्षको नाम :.....
टोल विकास संस्थाको नाम :.....
ठेगाना : .....

मटिहानी नगरपालिका नगर कार्यपालिकाको कार्यालय धिरापुर, महोत्तरी मधेश प्रदेश, नेपाल

मंजु

मंजु देवी साह
नगर उपप्रमुख

CamScanner

मंजु
मंजु देवी साह
नगर उपप्रमुख

मटिहानी नगरपालिका

..... नं. वडा कार्यालय

टोल विकास संस्था सूचीकृत प्रमाण-पत्र

..... नगरपालिका वडा नं. .....

स्थित.....मा गठन भएको..... टोल विकास संस्थालाई

यस कार्यालयमा मिति.....मा सूचीकृत गरी यो प्रमाण-पत्र प्रदान गरिएकोछ ।

यस नगरपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक तथा भौतिक पुर्वाधार विकास र सुशासन कायम गर्ने क्षेत्रमा यस टोल विकास संस्थाको सक्रिय सहभागीताको अपेक्षा गर्दछु ।

.....
वडा सचिव

मंजु
मंजु देवी साह
नगर उपप्रमुख

CamScanner